# देवघाट गाउँपालिका गाउँकार्यपालिकाको बैठक

बैठक मितिः२०८१।०७।२८ गते बुधबार — बैठक समयः दिनको १२:१५ बजे

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

बैठक संख्याः ०४-२०८१/०८२ — स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तिल बहादुर थापा | गा.पा.अध्यक्ष | | |
| २ | श्री भुवन सिं गुरुङ | गा.पा.उपाध्यक्ष | | |
| ३ | श्री मनि राज गुरुङ | १ नं. वडाअध्यक्ष | | |
| ४ | श्री मीन बहादुर राना मगर | २ नं. वडाअध्यक्ष | | |
| ५ | श्री टेक बहादुर आले | ३ नं. वडाअध्यक्ष | | |
| ६ | श्री मित्र लाल गुरुङ | ४ नं. वडाअध्यक्ष | | |
| ७ | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाअध्यक्ष | | |
| ८ | श्री बाल कुमारी परियार | कार्यपालिका सदस्य | | |
| ९ | श्री हुम माया खान | कार्यपालिका सदस्य | | |
| १० | श्री यम माया गुरुङ | कार्यपालिका सदस्य | | |
| ११ | श्री मन माया वि.क. | कार्यपालिका सदस्य | | |
| १२ | श्री गंगा सिं वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री बाबुराम परियार | कार्यपालिका सदस्य | | |
| १४ | श्री दिनेश सारु | सदस्य सचिव | | |
| | अन्य उपस्थिति | | | |
| १. | [illegible] | [illegible] | | |
| २. | गोविन्द प्र. पाण्डे | अधिकृत | | |
| ३. | अनिक गुरुङ | अधिकृत | | |
| ४. | टिकबहादुर गुरुङ | का.स. | | |

प्रस्तावहरुः

प्रस्ताव नं.१ : चालू आ व का योजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं.२ : सडक मर्मत सम्बन्धमा।

प्रस्ताव नं.३: अन्य विविध।

**निर्णयहरुः**

निर्णय नं.१ : प्रस्ताव नं. १ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

क. यस देवघाट गाउँपालिकाको चालू आ.व.को स्विकृत योजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा कामको प्रकृतिको आधारमा जनश्रमदान नहुने प्रकृतिका दश लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु ठेक्का प्रकृया मार्फत कार्यान्वयन प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

ख. वडाबाट विनियोजन गरिएको जनश्रमदान गर्न सकिने अधिकतम दश लाख रुपैयाँ सम्म लागत अनुमान भएका योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति तथा टोल बिकास संस्था मार्फत कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग. योजनाको सम्झौता प्रकृयामा टोल विकास संस्थाको नविकरण कार्य बाधक नरहने तर भुक्तानी मागको सम्बन्धमा उक्त टोल विकास संस्थाको नविकरण प्रमाण पत्र पेश भए पश्चात मात्र भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

घ. जटिल भू बनोटका कारण सेवा ग्राहीको सहजतालाई मध्यनजर गर्दै विगत बर्षहरुमा जस्तै दश लाख भन्दा कम लागत अनुमान भई जनश्रमदान जुटाउन सकिने प्रकृतिका वडाबाट विनियोजन योजनाहरुको सम्झौताको लागि सम्बन्धित वडा सचिव तथा वडा अध्यक्षहरुलाइ प्रचलित नियमानुसार गर्ने गरि अधिकार प्रत्यायोजन गर्न सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा अविरल तथा आकस्मिक रुपमा परेको बर्षाको कारण यस गाउँपालिकाका सबै वडाहरुमा रहेका सडकहरुमा क्षति पुर्याई आवतजावतमा कठिनाई उत्पन्न भएको सम्बन्धमा सम्बन्धित वडा अध्यक्ष ज्यूहरुलाई मितव्ययी रुपमा डोजर परिचालन गर्न जिम्मेवारी प्रदान गरिएकोमा उक्त मर्मत सम्भारमा खटिएको डोजर,मिति,स्थान तथा कार्यसमयको वास्तविक विवरण तयार तथा प्रमाणित गरि यहि २०८१ मंसिर १५ गते भित्र वडा समितिको निर्णय सहित गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल देहायबमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

क. सडक बोर्ड नेपालबाट यस गाउँपालिकाको लागि चालू आ.व.२०८१।०८२ मा स्थानीय सडक मर्मत कार्यको लागि रु पन्ध्र लाख रुपैयाँ स्विकृत भई आएकोमा (सडक बोर्ड नेपालको च.नं.४३९,मिति२०८१।०६।१३ को पत्र मार्फत) गाउँपालिकाको तर्फबाट ***सार्वजनिक निकाय तथा संघ संस्थासँग लागत साझेदारी तथा समपूरक कोष*** बाट देहायबमोजिमको रकम साझेदारी गरि निम्न योजना छनौट गरि तोकिएको ढाँचामा आवश्यक कागजात संलग्न गरि सहमतीको लागि सडक बोर्ड नेपालमा पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

तपिशलः

साझेदारी रकमः रु.४,९४,२१७।२४

योजनाको नामः दासढुंगा देवघाट मार्ग ( मधुवन चोक देखि थापा चोक सम्मको सडक मर्मत गर्ने कार्य)

ख. यस देवघाट गाउँपालिकाको क्षेत्रमा पर्ने धार्मिक तथा ऐतिहासिक आस्थाको केन्द्र देवघाट धाममा बढ्दो बाँदरको आतंक तथा आक्रमणको कारण भक्तजनहरुमा कष्ट सिर्जना हुन गई आश्रमहरु लगायत भक्तजनहरुले बाँदर व्यवस्थापन गर्न अनुरोध गरे बमोजिम गाउँपालिकाबाट बाँदर व्यवस्थापन तथा अध्ययन समिति गठन गरिएको र सो समितिको प्राप्त प्रतिवेदनमा समेत बाँदरको ज्यादती तथा आक्रमणले भक्तजनमा कष्टकर अवस्था सिर्जना भएको ब्यहोरा उल्लेख गरेकोले गलेश्वर आश्रम देवघाट-५ ले समेत बाँदर व्यवस्थापनको लागि रकम माग गरे अनुरुप चालू आ व को स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतको धार्मिक तथा पर्या पर्यटन प्रबर्द्धन भेला तथा मेला कार्यक्रमको लागि सहयोग शिर्षकबाट श्री गलेश्वर आश्रम देवघाट-५,तनहुँ लाई आवश्यक व्यवस्थापन गर्ने प्रयोजनार्थ रु. एक लाख रुपैयाँ उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत रुपमा निर्णय गरियो।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ग. यस गाउँपालिको क्षेत्र अन्तर्गत उत्पादन हुने स्थानिय सुन्तला लगायतको फलफूल जन्य उपजको निकासी गर्न सात दिने आय ठेक्काको सूचना जारी ठेक्का बन्दोबस्त गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो । साथै ठेक्का बन्दोबस्त हुन नसकेको खण्डमा कार्यलयले आन्तरिक व्यवस्थापन मार्फत रसिद जारी निकासी कर संकलन गर्ने समेत सर्वसम्मत रुपमा निर्णय गरियो ।

घ. यस गाउँपालिकामा सञ्चालित सामी कार्यक्रम अन्तर्गत रिटर्नी स्वयसेवक पदमा कार्यरत गर्न इच्छुक रहि श्री इन्द्रमाया आलेले निवेदन पेश गर्नुभएको र कार्यालयलाई समेत सो पदमा आवश्यकता रहि निजको दक्षता र अनुभव समेत रहेकोले निजलाई सो पदमा २०८१ कार्तिक १ गते देखि कार्यक्रमको नम्स अनुरुप पारिश्रमिक पाउने गरि सेवा करारमा नियुक्त गरि कामकाजमा लगाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ङ. यस गाउँपालिकामा निर्माणाधिन आधारभूत १० बेडको अस्पतालको निर्माण कार्य निरन्तर प्रगतिमा रहेको अवस्थामा सम्पन्न कार्यको भुक्तानी दिन बजेटको अभाव रहेकोले सम्पन्न कामको प्राविधिक नाप जाँच तथा मूल्यांकन गरि रकम निकासाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार तथा अनुरोध गर्ने निर्णय गरियो ।

च. यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले कार्यालय प्रयोजनको लागि भाडामा लिई प्रयोग गर्दै आईरहेको तपशिलको बा ५ च ८६०५ नम्बरको सवारी साधन तथा सो को चालक श्री दिनेश पासवानको सेवा करार हाललाई आवश्यक रहेको नदेखिएको हुँदा सो सवारीको भाडा तथा सेवा करारको सम्झौताको अवधि मिति २०८१ कार्तिक मसान्तबाट अन्त्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

छ. यस देवघाट गाउँपालिकाको निर्माणाधिन आधारभूत अस्पताल निर्माण ( NCB/DRM/Bldg/11/2077/078) गर्ने सन्र्दभमा श्री रोशन शिवशक्ती जे.भी. हेटौडा-४,मकवानपुर सँग सम्झौता भई निर्माण कार्य सुरु भई कार्यान्वयनको चरणमा रहेको अवस्थामा तोकिएको समयमा कार्यसम्पन्न नहुने अवस्था भए पश्चात म्याद थपको निवेदन पेश भएको र म्याद थपको लागि APG पेश्की जमानतको म्याद थप गर्न निर्देशन दिंदा पनि थप नभएकोले अग्रिम जमानत पेश्की जफत गरि कार्यालयको बैक खातामा दाखिला गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ज. यस देवघाट गाउँपालिका को चालू आ.व. को स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतको खर्च शिर्षक लैससास परीक्षण,सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई (गा पा र सम्पूर्ण वडा) मा एकमुष्ठ रु.७,५०,०००।०० रहेकोमा आगामी गाउँ सभाबाट अनुमोदन हुने गरि देहायबमोजिम बाँडफाँड गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

लैससास परिक्षणः रु.२,५०,०००।००
सामाजिक परीक्षणः रु.२,५०,०००।००
सार्वजनिक सुनुवाईः रु.२,५०,०००।००

झ. यस गाउँपालिकामा सञ्चालित आयोजना दासढुंगा देवघाट बेणीसंगम चक्रवती हर्दी पदमार्गको निर्माण कार्य (NCB/DRM/ROAD/02/2080/081) गर्ने ठेक्का मार्फत बन्दोबस्त गरि श्री एस आर -डि एण्ड जी जे.भी. ,देवघाट-५,तनहुँ बिच सम्झौता भई कार्यान्वयनको प्रकृया सुरु भएकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेपछि २०८१ कार्तिक मसान्तसम्म रहेको उक्त आयोजनाको म्याद २०८१ चैत्र मसान्तसम्म थप गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

ञ. देवघाट गाउँपालिका प्रशासकीय भवन निर्माण योजना ठेक्का नं NCB/DRM/BLDG/15/2076/077 को लागि निर्माण व्यवसायी श्री रविना/अविसा जे भी कोटेश्वर-३२ काठमाण्डौ सँग भएको सम्झौता बमोजिम ठेक्का म्याद २०८१ कार्तिक मसान्त सम्म थप गरि म्याद कायम गरिएकोमा विविध कारणवश छुटफुट कार्य सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएकोले उक्त खरिद सम्झौताको म्याद २०८१ फागुन मसान्त सम्म थप गरि निरन्तरता तथा सम्पन्न गर्ने निर्णय गरियो ।

दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३